**स्थानीय राजपत्र**

**बेलडाँडी गाउँपालिका द्धारा प्रकाशित**

**७ नं. प्रदेश, बेलडाँडी ,कञ्चनपुर, जेठ , ०८ गते २०७५ साल संख्या: १**

**भाग : ४**

# बेलडाँडी गाउँपालिकाका पदाधिकारीहरुको आचारसंहिता, २०७४

**प्रस्तावना :**

नेपालको संविधान बमोजिम सहकारिता, सहअस्तित्व र समन्वयका आधारमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको अभ्यास गर्दै सङ्घ, प्रदेश र स्थानीय तहबीच सुमधुर अन्तर सरकार सम्बन्ध कायम गर्न, स्थानीय शासन व्यवस्थामा जनताको अर्थपूर्ण सहभागिता प्रवर्द्धन गर्दै बढी जनमुखी, सेवामुखी, जनउत्तरदायी, पारदर्शी तथा सुशासनयुक्त स्थानीय शासनको प्रत्याभूति गर्न, स्थानीय तहलाई जनताको विश्वासिलो शासन इकाईका रुपमा स्थापित गर्न, स्थानीय तहबाट समाजका विभिन्न वर्ग धर्म, लिङ्ग, जातजातिका मौलिक संस्कृति प्रति सम्मान र सहिष्णु भावनाको विकास गर्न तथा कानुनी राज्य, संघीय लोकतान्त्रिक गणतन्त्रका लाभहरूको न्यायोचित वितरण र दीगो विकासको अवधारणालाई मूर्त रुप दिन हामी जनताबाट निर्वाचित पदाधिकारीको आचरण र क्रियाकलापहरुलाई सोही अनुरुप मर्यादित र नमूना योग्य तुल्याउनका लागि बेलडाँडी गाउँपालिकाका जनप्रतिनिधिहरुले गाउँ कार्यपालिकाको मिति २०७५/०२/०४ गतेको बैठकबाट पारित गरी यो “बेलडाँडी गाउँपालिकाका पदाधिकारीको आचार संहिता, २०७५” बनाई लागु गरेको छ ।

## भाग – १ प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :

(१) यो आचारसंहिताको नाम “बेलडाँडी गाउँपालिकाका पदाधिकारीहरुको आचारसंहिता, २०७५” रहेकोछ ।

(२) यो आचारसंहिता गाउँसभाबाट पारित भएको मिति देखि लागु हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आचारसंहितामा,

(क) “अध्यक्ष” भन्नाले बेलडाँडी गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्छ ।

(ख) “आचारसंहिता” भन्नाले बेलडाँडी गाउँपालिकाका पदाधिकारीहरुको आचारसंहिता, २०७५ लाई जनाउनेछ ।

(ग) “अनुगमन समिति” भन्नाले यस आचारसंहिता अनुसार गठित आचारसंहिता अनुगमन समितिलाई सम्झनुपर्छ ।

(घ) “कार्यपालिका” भन्नाले बेलडाँडी गाउँपालिका गाउँ कार्यपालिका सम्झनु पर्छ ।

(ङ) “पदाधिकारी” भन्नाले बेलडाँडी गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष, कार्यपालिकाका सदस्य तथा सभाका अन्य सदस्य समेतलाई सम्झनुपर्छ । यस शब्दले गाउँपालिकाले आफ्नो कार्यसम्पादनका सिलसिलामा गठन गरेका जुनसुकै समिति वा उपसमिति वा कार्यदलका सदस्यहरु समेतलाई सम्झनुपर्दछ ।

च) “सभा” भन्नाले बेलडाँडी गाउँपालिकाको गाउँ सभालाई वुझाउनेछ ।

(छ) “स्थानीय तह” भन्नाले नेपालको संविधान बमोजिमको गाउँपालिका र जिल्ला समन्वय समिति सम्झनुपर्छ ।

## भाग – २ पदाधिकारीका आचारहरु

३. सामान्य आचारहरुको पालना गर्ने : पदाधिकारीहरुले पालन तथा अवलम्वन गर्नुपर्ने सामान्य आचारहरु देहायमा उल्लेख भए बमोजिम हुनेछन। जसको अवलम्बन गर्न हामी प्रतिबद्धता व्यक्त गर्दछौं,

३.१ नेपालको स्वतन्त्रता, स्वाधीनता, स्वाभिमान, राष्ट्रिय एकता, भौगोलिक अखण्डता र जनतामा निहित सार्वभौमसत्ता प्रति प्रतिबद्ध रहँदै,

(क) सम्बन्धित पदाधिकारीलाई सचेत गराउने ।

(ख) आलोचना तथा आत्मालोचना गर्न लगाई सोको जानकारी सार्वजनिक गर्न लगाउने । (ग) सार्वजनिक सुनुवाइका लागि सार्वजनिक गर्ने, गराउने

४ प्रचलित ऐन कानुनको उल्लंघन भएका अवस्थामा सम्बन्धित निकायमा सूचना दिने र आवश्यक कार्बाहीका लागि लेखी पठाउने ।

५. आरोपित पदाधिकारीमाथि भएको कुनै पनि कार्बाहीका बिषयमा निज कुनै राजनीतिक दलसंग आबद्ध भएको हकमा सम्बन्धित राजनितिक दललाई जानकारी गराउनु पर्ने ।

६. कार्वाहीको बिबरण सार्वजनिक गर्नुपर्ने : आचारसंहिताको कार्यान्वयनका सम्वन्धमा पदाधिकारीमाथि भएको कार्वाहीको बिबरण आम जानकारिका लागि स्थानीय तहको सूचनापाटी र स्थानीय पत्रपत्रिकामा प्रकाशित गर्नु पर्नेछ। सोको जानकारी राजनीतिक दलहरु, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, निर्वाचन आयोग, प्रदेश सरकारको सम्वन्धित विभाग/निकाय, स्थानीय प्रशासनलाई गराउनु पर्नेछ ।

## भाग – ३ विविध

७. आचारसंहिताको पालन गर्नु सबैको कर्तव्य हुने : यो आचार संहिताको पालना गर्नु पदाधिकारीको जिम्मेवारी तथा कर्तव्यको एक अभिन्न अंगको रुपमा रहनेछ ।

८. पदाधिकारीलाई आचारसंहिताको जानकारी दिनुपर्ने : यो आचारसंहिता स्थानीय तहका पदाधिकारी तथा कर्मचारीहरुलाई अनिवार्य रुपमा जानकारी दिई हस्ताक्षर गराई लागू गरिनेछ ।

९. सरोकारवालाहरुलाई आचारसंहिताको जानकारी उपलव्ध गराउनुपर्ने : स्थानीय तहका पदाधिकारीका आचारसंहिता, समय समयमा आचारसंहितामा भएको संशोधनको बिबरण तथा आचारसंहिताको कार्यान्वयनका बिबरणहरुको जानकारी बार्षिकरुपमा स्थानीय तहका राजनीतिक दलहरु, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय तथा प्रदेश सरकारका सम्वन्धित निकायलाई गराउनु पर्नेछ ।